गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः१३ मितिः२०८०।१०।२५

भाग-२

## गेरूवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यबिधी (नियमित गर्ने) ऐन २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८०।१०।२५ मा जारी गरेको देहाय बमोजिमको कार्यबिधी सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

**सम्बत् २०८० सालको नियम नं.१३**

**<u>सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत औजार, उपकरण, सामाग्री र कार्यक्रम सन्चालन कार्यविधि २०८०</u>**

# सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत औजार, उपकरण, सामग्री र कार्यक्रम सन्चालन कार्यबिधि २०८०

प्रमाणिकरण मितिः-२०८०।१०।२५

**प्रस्तावनाः-**

गर्भवती, प्रसुती,सुत्केरी र नवजातशिशु मृत्यु जन स्वास्थ्य समस्याको रुपमा रहेकोले मृत्युदरमा कमि ल्याउन महिलाको गर्भावस्था, प्रसुती अवस्था, सुत्केरी अवस्था र नवजात शिशु जन्मेको २८ दिन सम्म प्रदान गर्नुपर्ने स्वास्थ्य सेवा सम्बन्धी आवश्यक ज्ञान र सिपको अभिवृद्धी गर्ने तालिम तथा अभिमुखिकरण र समिक्षा कार्यक्रमका साथै सेवा प्रवाहमा आवश्यक पर्ने औजार,उपकरण, सामाग्री व्यवस्थापन र जटिल स्वास्थ्य समस्या उत्पन्न भई आर्थिक अभावका कारण उपचार गर्न नसक्ने विपन्न आमा तथा नवजात शिशु को जिवन रक्षाका लागी सहयोगात्मक प्रेषण गर्ने उदेश्यले प्रशासकीय कार्यविधी २०७६ को दफा ४ ले दियको अधिकार प्रयोग गरी गेरुवा गाउँ कार्यपालिका बाट सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत औजार, उपकरण, सामाग्री र कार्यक्रम सन्चालन कार्यबिधि २०८० जारी गरीएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यबिधिको संक्षिप्त नाम सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत औजार, उपकरण, सामग्री र कार्यक्रम सन्चालन कार्यबिधि २०८० रहेको छ ।

(ख) यो कार्यबिधी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ।

**२.परिभाषाः-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

(क) गाउँपालिका भन्नाले गेरूवा गाउँपालिका बर्दिया सम्झिनु पर्दछ ।

(ख) गाउँ कार्यपालिकाको कार्यालय भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया सम्झिनु पर्दछ ।

(ग) स्वास्थ्य संस्था भन्नाले अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र,आयुर्वेद औषधालय सम्झिनु पर्दछ ।

(घ) सुरक्षित मातृत्व भन्नाले गर्भावस्था, प्रसुती अवस्था र सुत्केरी अवस्थामा स्याहार सुसार,सरसफाई,पोषण तथा स्वास्थ्य सेवा प्रदान गरी आमा र गर्भमा भएको शिशुलाई सुरक्षित राख्ने अवस्थालाई सम्झिनु पर्दछ।

(ङ) आमा भन्नाले गर्भावस्था, प्रसुती अवस्था र सुत्केरी अवस्थाको महिलालाई सम्झिनु पर्दछ।

(च) नवजात शिशु भन्नाले जन्मे देखि २८ दिन सम्मको शिशुलाई सम्झिनु पर्दछ।

(छ) औजार, उपकरण तथा सामाग्री भन्नाले गर्भवती, प्रसुती, सुत्केरी महिला र नवजात शिशुलाई परिक्षण तथा उपचारमा प्रयोग गरीने औजार,उपकरण र सामाग्रीलाई सम्झिनु पर्दछ ।

(ज) तालिम अभिमुखिकरण भन्नाले सुरक्षित मातृत्व तथा नवजात शिशु सम्बन्धि निर्देशिका, पुस्तिकामा उल्लेख भएका ज्ञान र सिप सिकाउने कुरालाई सम्झनु पर्दछ।

(झ) समिक्षा भन्नाले सुरक्षित मातृत्व तथा नवशिशु सम्बन्धी सेवाको पहुँच,गुणस्तर,लक्ष्य अनुसारको प्रगति, कार्यक्रम संन्चालन गर्दा देखिएका समस्या र समाधानकालागी गरिएका प्रयास आगामी दिनको कार्ययोजना निर्माण जस्ता कार्यहरू सम्झिनु पर्दछ ।

(ञ) सहयोगात्मक प्रेषण भन्नाले महिलाको गर्भावस्था, प्रसुती अवस्था, सुत्केरी अवस्थामा र नवशिशुको जन्मेको २८ दिन भित्र जटिल स्वास्थ्य समस्या उत्पन्न भई माथिल्लो स्वास्थ्य संस्था वा अस्पतालमा प्रेषण गर्दा आर्थिक अभावको कारण उपचार गर्न नसक्ने विपन्नलाई आर्थिक सहयोग सहित गरिने प्रेषणलाई सम्झिनु पर्दछ।

(ट) पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी भन्नाले गेरूवा गाउँपालिका बर्दिया अन्तरगत वडाका सबै गर्भवती महिला हरूले प्रसुति तथा सुत्केरी सेवा स्वास्थ्य संस्थाबाट लिएको भन्ने सम्झिनु पर्दछ ।

**३.उदेश्यः-**

(क) आमा तथा नवशिशुको स्वास्थ्यमा सुधार ल्याई मातृ तथा नवशिशु मृत्युमा कमि ल्याउन ।

(ख) गुणस्तरिय सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा प्रबाह गर्न।

(ग) आमा तथा नवशिशुको स्वास्थ्य जाँचमा सुधार गर्न र समयमै उपचार,ब्यबस्थापन, तथा प्रेषणमा सहयोग पुऱ्याउन।

(घ) स्वास्थ्य संस्थामा सेवा प्रवाहमा आवश्यक पर्ने औजार,उपकरण, सामग्री ब्यवस्थापन गर्न ।

(ङ) तालिम अभिमुखिकरण बाट स्वास्थ्यकर्मि को ज्ञान र शिपमा अभिवृद्धि गर्न ।

(च) सेवाको पहुँच,गुणस्तर,लक्ष्य अनुसार प्रगति,कार्यक्रम संन्चालन गर्दा देखिएका समस्या र समाधान कालागी गरिएका प्रयासको बारेमा समिक्षा गर्न।

(छ) कार्यक्रमका कमजोर पक्षलाई सवल बनाउनकालागी कार्ययोजना निर्माण सहित कार्यान्वयनमा पहल चाल्न ।

(ज) जटिल स्वास्थ्य समस्या उत्पन्न भई आर्थिक अभावका कारण उपचार गर्न नसक्ने विपन्न आमा तथा नवजात शिशु को जिवन रक्षाका लागी सहयोग गर्न।

(झ) पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी सेवामा निरन्तरता दिन ।

**४. सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत संन्चालन गर्न सकिने कार्यक्रम तथा क्रियाकलापहरू**

(क) सुरक्षित मातृत्व तथा नवशिशु सम्बन्धि तालिम,अभिमुखिकरण,समिक्षा,पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी वडा,गाउँपालिका घोषणा जस्ता कार्यक्रम सन्चालन ।

(ख) कम्प्युटर सफ्टवेर र मोबाइल द्वारा मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमकासाथै गतिबिधिहरू सन्चालन ।

(ग) सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य परिक्षण सम्बन्धि औजार,उपकरण,सामाग्री ब्यवस्थापन।

(घ) जटिल स्वास्थ्य समस्या उत्पन्न भई आर्थिक अभावका कारण उपचार गर्न नसक्ने विपन्न आमा तथा नवजात शिशु को जिवन रक्षाका लागी आर्थिक सहयोग ।

**५.तालिम,अभिमुखिकरण,समिक्षा, पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी वडा,गाउँपालिका घोषणा, कम्प्यूटर सफ्टवेर,मोबाइल द्वारा कार्यक्रमकासाथै गतिबिधि सन्चालन सम्बन्धि ब्यबस्थाः-**

सुरक्षित मातृत्व तथा नवशिशु सम्बन्धि तालिम,अभिमुखिकरण,समिक्षा, पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी वडा,गाउँपालिका घोषणा, कम्प्यूटर सफ्टवेर,मोबाइल द्वारा कार्यक्रमकासाथै गतिबिधि सन्चालन जस्ता कार्यक्रम तथा क्रियाकलाप माथिल्लो तह र निकाय बाट गर्नु गराउनु भनि लिखित रूपमा जानकारी हुन आएमा वा स्वास्थ्य संस्था बाट माँगभई आएमा वा गेरूवा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यकता महशुस भएमा माथि उल्लेखित कार्यक्रम,क्रियाकलाप नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,स्वास्थ्य सेवा विभाग,लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय र निर्देशनालय बाट प्रकाशित तालिम तथा अभिमुखिकरण, समिक्षा र पूर्ण स्वास्थ्य संस्थागत प्रसुति तथा सुत्केरी वडा,गाउँपालिका घोषणा सम्बन्धि पुस्तिका,निर्देशिका,फ्लिपचार्ट तथा अन्य सहजिकरण सामग्रीहरूको प्रयोगगरी सन्चालन गर्न सकिनेछ र तालिम,अभिमुखिकरण,समिक्षा जस्ता कार्यक्रममा गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाको स्वास्थ्य शाखामा कार्यरत तथा अन्तरगतका स्वास्थ्य संस्थामा कार्यरत तालिम प्राप्त स्वास्थ्य कर्मी सहजकर्ता हुनेछन् र आवश्यकता भएमा स्वास्थ्य कार्यालयमा कार्यरत सम्बन्धित बिषयको तालिम प्राप्त स्वास्थ्यकर्मीलाई समेत् सहजकर्ताको रूपमा बोलाईनेछ कार्यक्रम सन्चालन गर्दा स्विकृत कार्यक्रम बिनियोजित बजेटको परिधिमा रही आर्थिक ऐन,नियम,कार्यबिधि बमोजिम गर्नुपर्नेछ ।

**६. औजार,उपकरण,सामाग्री ब्यवस्थापन सम्बन्धि ब्यबस्थाः-**

गेरूवा गाउँपालिका बर्दिया अन्तरगतका स्वास्थ्य संस्थाहरू बाट सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य परिक्षण सम्बन्धि औजार,उपकरण,सामाग्रीको माँगभई आए बमोजिम स्विकृत कार्यक्रम र बिनियोजित बजेटको परिधिमा रही गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले आर्थिक ऐन,नियम,कार्यबिधि बमोजिम खरिदगरी ब्यबस्थापन गर्नुपर्नेछ ।

**७. जटिल स्वास्थ्य समस्या उत्पन्न भई आर्थिक अभावका कारण उपचार गर्न नसक्ने विपन्न आमा तथा नवजात शिशुको जिवन रक्षाका लागी आर्थिक सहयोग सम्बन्धि ब्यबस्था ।**

गर्भवति प्रसुती,सुत्केरी र नवजात शिशुलाई जटिल स्वास्थ्य समस्या उत्पन्न भई गेरूवा गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरू बाट थप उपचार तथा ब्यबस्थापनकालागी माथिल्लो स्वास्थ्य संस्था वा अस्पतालमा प्रेषण भएको अवस्थामा आर्थिक अभावका कारण उपचार गर्न नसक्ने विपन्न आमा तथा नवजात शिशुको जिवन रक्षाका लागी स्वास्थ्य संस्था तथा वडा कार्यालयको सिफारिसमा स्विकृत कार्यक्रम र बिनियोजित बजेटको परिधिमा रही प्रेषण गर्ने गेरूवा गाउँपालिका अन्तरगतको स्वास्थ्य संस्था संग उपचारको

अवस्था बुझी पटक,पटक वा एकै पटक प्रतिब्यक्ती बढीमा रू.५००००।- (पचास हजार) सम्म आर्थिक सहयोग प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्न सक्नेछन् उक्त प्रदान गरिएको रकम कार्यपालिका बैठक बाट अनुमोदन गराउनु पर्नेछ,उपचारको क्रममा माथि उल्लेखित रकम भन्दा बढी रकम खर्चहुने अवस्था भएमा कार्यपालिका बैठकले निर्णय गरे बमोजिम आर्थिक सहयोग हुनेछ,उपचारकालागी आर्थिक सहयोग पाउने महिला वा नवजातशिशुको नजिकको नातेदारले स्वास्थ्य संस्था वा अस्पताल बाट डिस्चार्ज (उपचार प्रकृया पुरागरी) घर पठाएको ७ (सात) दिन भित्र जाँच,परिक्षण,औषधी,उपचार गरेका पुर्जा,बिल,भरपाई तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा पेश गर्नुपर्नेछ, तोकिएको समयमा कागजात पेश नगरेमा सम्बन्धित ब्यक्ति वा निजको नजिकको नातेदार बाट प्रचलित ऐन,कानुन,नियम अनुसार रकम असुल गर्नकालागी गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले पहल चाल्नेछ ।

## ८.संसोधन,परिमार्जन र बचाउ

यस कार्यबिधिलाई कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा संसोधन वा परिमार्जन गर्न सक्नेछ र यसअघि सुरक्षित मातृत्व तथा नवशिशु अन्तरगत औजार, उपकरण, सामाग्री र कार्यक्रम संचालन सम्बन्धि गरिएका कार्यक्रम,गतिबिधि,क्रियाकलाप,काम,कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ,यस कार्यबिधिमा उल्लेख नभएका बिषय बस्तु प्रचलित ऐन,कानुन,नियम,कार्यबिधि बमोजिम हुनेछ ।

आज्ञाले
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत